# मादी गाउँपालिका
# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ३ संख्या ६ मंसिर २७ गते, २०७६ साल**

## भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०७६ सालको कार्यविधि नं. ६

## मेला महोत्सव सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना :**

मादी गाउँपालिका भित्र विभिन्न उद्देश्यका साथ सञ्चालन हुने व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदि क्षेत्रको प्रर्वद्धनका लागि गरिने विभिन्न मेला महोत्सवलाई व्यवस्थित गराउँदै मेला महोत्सवले बोकेका उद्देश्यलाई मूर्तरूप दिने कार्यमा सहयोग पुऱ्याई दर्शक तथा श्रोता मैत्री ढंगबाट मेला महोत्सव सञ्चालन, व्यवस्थापन तथा नियमन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ७ को अधीनमा रही मिति २०७६ मंसिर २७ गतेको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी यो कार्यविधि लागु गरिएको छ ।

मादी गाउँपालिका कास्की

## परिच्छेद १

## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :** १) यो कार्यविधिको नाम मेला महोत्सव सञ्चालन कार्यविधि, २०७६ रहेको छ ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भए पश्चात् तुरुन्त लागु हुने छ ।

**२. परिभाषा**

१) "मेला महोत्सव" भन्नाले मादी गाउँपालिका भित्रका कुनै पनि सार्वजनिक स्थलमा दुई दिन वा सो भन्दा बढी दिन सम्म गरिने व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदि प्रवर्द्धनका लागि गरिने विभिन्न मेला महोत्वसलाई जनाउने छ ।

२) "मूल आयोजक" भन्नाले मेला महोत्सव सञ्चालन गर्न गाउँपालिकावाट अनुमति प्राप्त संस्था/कार्यालयलाई जनाउने छ ।

३) "गाउँपालिका" भन्नाले मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कास्कीलाई जनाउने छ ।

४) "विषयगत संस्था वा कार्यालय" भन्नाले विषयगत क्षेत्रमा काम गर्ने संस्था वा कार्यालयलाई जनाउँने छ ।

५) "समिति" भन्नाले मेला महोत्सव सञ्चालन/व्यवस्थापन समितिलाई जनाउँनेछ ।

६) "कार्यालय" भन्नाले मादी गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउँनेछ ।

**३. यस कार्यविधिको उद्देश्य निम्नानुसार रहेको छ :**

१) गाउँपालिका भित्र सञ्चालन हुने मेला महोत्सव सञ्चालन गर्न सम्बन्धित संस्था वा कार्यालयलाई अनुमति प्रदान गर्ने ।

२) मेला महोत्सवको उद्देश्य पूरा गराउन आवश्यक सहजीकरण गर्ने ।

३) मेला महोत्सवलाई व्यवस्थित गर्ने ।

४) गाउँपालिकाका व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, पर्यटकीय, औद्योगिक, शैक्षिक, कृषि आदि क्षेत्रको प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

मादी गाउँपालिका, कास्की

## परिच्छेद २

## मेला महोत्सव सञ्चालन अनुमति

**४. मेला महोत्सव सञ्चालन गर्न गाउँपालिकाको अनुमति लिनु पर्ने :**

१. प्रत्येक आ.व. मा मादी गाउँपालिका भित्र मेला महोत्सव सञ्चालन गर्न चाहने संस्था वा कार्यालयले गाउँपालिकामा भाद्र मसान्तभित्र अनुसूची-१ मा उल्लेख भए अनुसारका विवरण खुलाइएको प्रस्ताव सहित प्रस्तावक संस्थाका निम्न कागजात सहित आवेदन पेस गर्नुपर्ने छः

क) विवरण खुलेको निवेदन,

ख) संस्था दर्ता प्रमाण पत्र (नवीकरण सहित),

ग) संस्थाको विधानको प्रतिलिपि,

घ) लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र,

ङ) मेला महोत्सव सञ्चालन हुने स्थानको स्वामित्व प्राप्त संस्था/निकायको सहमति ।

२. प्रस्तावक संस्थाहरूबाट पेस भएका प्रस्तावहरूलाई दफा ७ बमोजिमको मेला व्यवस्थापन समितिद्वारा गठित मूल्याङ्कन समितिले अनुसूची- २ बमोजिमको मापदण्डका आधारमा मूल्यांकन गरी मेला व्यवस्थापन समिति समक्ष पेस गर्नेछ। मूल्याङ्कन समितिको सिफारिसका आधारमा व्यवस्थापन समितिले कम्तीमा तीन आ.व.सम्म एउटा संस्था मूल आयोजकमा नदोहोरिने गरी तोकेए बमोजिमको शर्त राखी मेला महोत्सव सञ्चालन अनुमति अनुसूची-३ को ढाँचामा गाउँपालिकाले दिनेछ ।

३. भाद्र मसान्त अगावै कुनै मेला महोत्सव लगाउनु पर्ने भएमा मेला महोत्सव सञ्चालनको लागि प्रस्तावित दिन भन्दा पैतिस दिन अगावै गाउँपालिकामा प्रस्ताव पेस गर्नु पर्नेछ ।

४. चालू आ.व.मा समेत यो निर्देशिका लागु भएपछि तीस दिनको समय दिई एक पटकका लागि प्रस्ताव पेस गर्ने अवसर दिइनेछ । प्राप्त भएका प्रस्तावहरूको अध्ययन गरी बढीमा एक वटा मेला महोत्सव सञ्चालन गर्न गाउँपालिकाले अनुमति दिन सक्नेछ । गाउँपालिकावाट चालू आ.व.मा मेला सञ्चालन गर्न अनुमति लिई सकेका संस्थाले समेत यसै प्रकृयामा आउनु पर्नेछ ।

५. मेला महोत्सव सञ्चालन गर्ने स्थान मूल आयोजकले प्रस्ताव गर्न सक्नेछ, पेस भएको स्थानका बारेमा गाउँपालिकाले संभाव्यता अध्ययन गरी मेला

मादी गाउँपालिका, कास्की

महोत्सव व्यवस्थापन समितिले तोके बमोजिम हुने छ ।

६. दुई दिन भन्दा कम अवधिको हकमा तोकिए बमोजिमको शर्त राखी गाउँपालिकाले अनुमति दिनेछ ।

**५. मूल आयोजकले धरौटी राख्नु पर्ने :** मेला महोत्सवको उद्देश्य कोष वृद्धि वा आय आर्जन समेत भएमा प्रस्तावमा उल्लेखित अपेक्षित रकमको कम्तीमा पाँच प्रतिशत रकम गाउँपालिकामा अनुमति पूर्व धरौटी राख्नु पर्नेछ । अपेक्षित रकम एकिन नभएमा न्यूनतम रु.२५,०००। (पच्चिस हजार मात्र) मा नघट्ने गरी मेला महोत्सव व्यवस्थापन समितिले तोके बमोजिमको धरौटी राख्नु पर्नेछ । सो धरौटी रकम मेला महोत्सवको समाप्ति सँगै उद्देश्य अनुसारको प्रगति प्रतिवेदन पेश भएपछि गाउँपालिकाले फिर्ता दिनेछ । मेला महोत्सव सञ्चालन अनुमति प्रदान गर्दा गाउँपालिकाले तोकेका मेला महोत्सव व्यवस्थापनका शर्तहरू पालना नगरेमा धरौटी रकम गाउँपालिकाले जफत गर्न सक्नेछ । लक्ष्य अनुसारको आर्थिक सङ्कलन गरी उद्देश्य अनुसारका काम गर्ने मूल आयोजकलाई गाउँपालिकाले थप प्रोत्साहन एवं सहकार्य बापत रकम उपलब्ध समेत गराउन सक्नेछ ।

**६. व्यवसाय कर तथा मनोरञ्जन कर :** मेला महोत्सवमा रहने व्यवसायिक स्टलहरूले व्यवसायको किसिम बमोजिम अनुसूची-४ मा उल्लेख भए अनुसारको मेला अवधि भरको व्यवसाय कर स्टल बुकिङ्ग सँगै मूल आयोजकमार्फत गाउँपालिकालाई बुझाउनु पर्नेछ भने मनोरञ्जन करका हकमा प्रत्येक टिकटमा टिकट दरको ५ प्रतिशत मनोरञ्जन कर मेला महोत्सव सम्पन्न भएको एक हप्ता भित्र गाउँपालिकामा दाखिला गर्नु पर्नेछ । गैर व्यवसायिक सन्देशमूलक स्टलहरूका हकमा गाउँपालिकाले छुट दिन सक्नेछ । यसरी संकलित कर गाउँपालिकाले मेला महोत्सव प्रर्वद्धन गर्ने प्रयोजनमा खर्च गर्न सक्ने छ ।

## परिच्छेद ३

## मेला महोत्सव अनुगमन तथा मूल्याङ्कन समिति

**७. मेला महोत्सव अनुगमन तथा मूल्याङ्कन समतिको गठन :**

१. मेला महोत्सव व्यवस्थापन समिति निम्नानुसार रहने छः

अध्यक्ष : गाउँपालिकाका अध्यक्ष

सदस्य : सम्वन्धित वडाका वडा अध्यक्ष

सदस्य : आर्थिक विकास समिति संयोजक

सदस्य : अधिकृत प्रतिनिधि इलाका प्रहरी कार्यालय

सदस्य : विषयगत शाखाको शाखा प्रमुख

सदस्य : अध्यक्षले तोकेको कार्यपालिका सदस्य १ जना

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपालिकाको अधिकृतस्तरको कर्मचारी

२. गाउँपालिकाले लिएका लक्ष्य एवम् उद्देश्य हासिल गर्नको लागि गाउँपालिका आफै मुख्य आयोजक भई कुनै किसिमको मेला महोत्सव आयोजना गर्न सक्नेछ । यसरी गाउँपालिका आफै आयोजक भई सञ्चालन गरिने मेला महोत्सवको लागि निम्नानुसारको मूल आयोजक समिति गठन गरिनेछ ।

अध्यक्ष : गाउँपालिकाका अध्यक्ष

उपाध्यक्ष : गाउँपालिकाका उपाध्यक्ष

सदस्य : कार्यपालिकाका सदस्यहरू सबै

सदस्य : गाउँसभाका सदस्यहरू सबै

सदस्य : उद्योगी व्यवसायी मध्येबाट कार्यपालिकाले मनोनयन गरेका बाह्रजना

सदस्य : शिक्षाविद्, बुद्धिजीवी, नागरिक समाजका प्रतिनिधि मध्येबाट कार्यपालिकाले मनोनयन गरेका बाह्र जना

सदस्य : पोखरा सम्पर्क समाजका अध्यक्ष वा प्रतिनिधिहरू

सदस्य : युवा क्लवका अध्यक्षहरू मध्येवाट कार्यपालिकाले मानोनयन गरेका बाह्र जना

सदस्य : महिला समूह/आमा समूहबाट कार्यपालिकाले मनोनयन गरेको बाह्र जना

सदस्य : गाउँपालिकास्तरीय प्रमुख राजनीतिक दलका प्रमुख वा प्रतिनिधिहरू

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपालिकाको अधिकृतस्तरको कर्मचारी

३. गाउँपालिकाले राखेका उदेश्यहरू हासिल गर्न गाउँपालिका आफैं मूल आयोजक भई सञ्चालन गरिने मेला महोत्सव सञ्चालानार्थ दैनिक कार्य सम्पादन गर्ने गरी अध्यक्षको रोहवरमा सरोकारवालाहरूको भेलाबाट ७ देखि १५ सदस्यीय निम्नानुसारको मेला महोत्सव सञ्चालन समिति गठन गर्न सकिनेछः

अध्यक्ष : भेलाबाट चुनिएको

सचिव : भेलाबाट चुनिएको

कोषाध्यक्ष : भेलाबाट चुनिएको

सदस्य : आवश्यकता अनुसार भेलाबाट चुनिएको

४. मेला महोत्सवलाई व्यवस्थित रूपमा सञ्चालन गर्न र सफल बनाउन आवश्यकता अनुसार सल्लाहकार समिति तथा विभिन्न उपसमितिहरू गठन गर्न सकिनेछ ।

५. मेला महोत्सवको प्रकृति अनुसार सो मेला महोत्सवसँग सम्बन्धित व्यावसायिक छाता संगठनका अध्यक्ष वा प्रतिनिधि, विषय विज्ञ, सामाजिक सङ्घ संस्था, पत्रकार, नागरिक समाज तथा लब्ध प्रतिष्ठित व्यक्तिहरूलाई अध्यक्षले आमन्त्रण गर्न सक्नेछ ।

६. मेला महोत्सव अनुगमन तथा मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकार :

१) मेला महोत्सव सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

२) सम्झौताका शर्त बमोजिम मेला महोत्सव व्यवस्थापन भए नभएको अनुगमन गर्ने र शर्त बमोजिम नभएमा शर्तको पालना गर्न लगाउने, तोकिए बमोजिमको दण्ड सजाय गराउने ।

३) मेला महोत्सवको उद्देश्य अनुसारको कार्य गरे नगरेको अनुगमन गर्ने, मूल आयोजकलाई उद्देश्य अनुसारका कार्य गर्न लगाउने ।

४) आवश्यकता अनुसार मेला महोत्सवका लागि पेस भएको प्रस्ताव मूल्याङ्कन टोली, मेला महोत्सव अनुगमन टोली वा कर्मचारी तोकी व्यवस्थापन एवं अनुगमनको कार्य गराउने ।

५) मेला महोत्सव सञ्चालनका क्रममा देखा पर्ने सुरक्षा सम्वेदनशीलताका बारेमा जिल्ला सूरक्षा समितिसँग परामर्श लिने ।

६) कुनै विशेष कारण समितिले देखेमा जिल्ला सुरक्षा समितिसँग आवश्यक समन्वय गरी मेला महोत्सव स्थगन वा बन्द गर्ने ।

७. मेला महोत्सव सञ्चालन समितिको काम, कर्तव्य र अधिकार :

१) कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,

२) व्यवासायीहरूलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

३) सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने,

४) सञ्चालन समितिको कार्यसम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरूको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,

५) सञ्चालन समितिका सदस्यहरूको क्षमता विकास गर्ने ।

६) कार्यालयको स्वीकृति लिई आन्तरिक आय तथा अनुदान प्राप्त गर्ने ।

७) विभिन्न कम्पनी तथा विज्ञापन दाताबाट विज्ञापन सङ्कलन गर्ने ।

८) सम्झौताबमोजिमको कामको कार्यक्रममा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,

९) मूल आयोजक समितिको सचिवालयको रूपमा काम गर्ने,

१०) सचिवालयको लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनको लागि गाउँपालिकासँग अनुरोध गर्ने,

११) सूचना केन्द्रको रूपमा कार्य गर्ने,

१२) मेला महोत्सवको व्यवस्थापन सम्बन्धी आवश्यक अन्य तोकिएका कार्य गर्ने ।

**८. खाता सञ्चालन र भुक्तानी प्रकृया :**

(१) गाउँपालिका आफैं आयोजक भई सञ्चालन गरिने मेला महोत्सवको लागि छुट्टै बैंक खाता सञ्चालन गर्ने छ ।

(२) मेला सञ्चालक समितिको खाता कार्यालयले तोकेको बैंकमा सञ्चालन हुने छ ।

(३) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुने छ ।

(४) समितिले सम्पादन गरेको काम र खर्चको विवरण सञ्चालन समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा पेस गर्नुपर्ने छ ।

(५) सञ्चालन समितिले मेला महोत्सवमा भएको आय व्ययको सार्वजनिकीकरण कार्यक्रम सम्पन्न भएको १५ (पन्ध्र) दिन भित्र गर्नुपर्ने छ ।

(६) समितिको नाम र छाप कार्यालयले तोके बमोजिम हुने छ ।

माछापुच्छ्रे गाउँपालिका, कास्की

## परिच्छेद ४

## मूल आयोजकले पालना गर्नु/गराउनुपर्ने शर्तहरू

९. **सुरक्षा व्यवस्थापन :** १) मेला महोत्सव प्रस्तावकको प्रस्ताव स्वीकृत भए पश्चात अनुमति पूर्व मूल आयोजक संस्थाले मेला महोत्सव भित्र जाने सम्पूर्ण सहभागी सबैको दुर्घटना र मेला महोत्सव स्थल भित्रका सम्पत्तिको मेला महोत्सव अवधि भित्रको अनिवार्य बीमा गर्नुपर्ने छ ।

२) मेला महोत्सव स्थल भित्रको सम्पूर्ण सुरक्षा व्यवस्थापन मूल आयोजकले गर्नुपर्ने छ ।

१०. **खानेपानी तथा फोहर मैला व्यवस्थापन :**

१) मूल आयोजकले कार्यक्रम स्थलमा महिला पुरुषका लागि छुटट्‍ा-छुटट्‍ै आवश्यकता अनुसारका शौचालय अनिवार्य व्यवस्था गर्नुपर्नेछ ।

२) मेला महोत्सव स्थलमा दैनिक अनिवार्य सरसफाईको प्रवन्ध गर्नु पर्नेछ, धूलो रहित वनाउन समय-समयमा पानी अनिवार्य छर्किनु पर्नेछ ।

३) मेला महोत्सव स्थलमा होटल रेष्टुरेन्टको फोहर पानीको उचित व्यवस्थापन गर्नुपर्नेछ जथाभावी बगाउन पाइने छैन ।

४) मेला महोत्सव हेर्न आउने दर्शकका लागि मेला महोत्सव स्थल भित्र पर्याप्त मात्रामा खानेपानीको प्रवन्ध गर्नुपर्नेछ ।

५) मेला महोत्सव समाप्ति पश्चात सामग्री उठाउन पूर्व स्थलको पूर्णरूपमा सरसफाई गर्नु पर्नेछ । स्टल निर्माण र शौचालय एवं फोहोर व्यवस्थापनका लागि खनिएका खाल्डाहरू पुरी सम्याउनु पर्नेछ । मेला महोत्सवको सर्म्पूण सामग्री मेला महोत्सव समाप्ति पश्चात सात दिन भित्र उठाइ सक्नु पर्नेछ भने मेला महोत्सव तयारीका क्रममा समेत सोको तयारीका लागि पन्ध्र दिन अगाडि सामग्री खसाल्न एवं स्टल तयारको कार्य गर्न पाइने छ ।

११. **ध्वनि व्यवस्थापन :** मेला महोत्सव स्थल भन्दा बाहिर ध्वनि जाने गरी माइक (हर्न) लगाउन पाइने छैन । मेला महोत्सव भित्र मात्र सुन्न सकिने गरी स्पीकर साउण्डको प्रयोग गर्नु पर्नेछ ।

१२. **अनुमति बेगरका काम गर्न नहुने :** मेला महोत्सव व्यवस्थापन समितिद्वारा स्वीकृत प्रस्ताव बमोजिमका स्टल, कार्यक्रम, मनोरञ्जंन स्टल वाहेकका अन्य कार्य गर्न गराउन पाइने छैन । कुनै कारणवश प्रस्तावमा उल्लेख भएको वाहेक फरक काम गर्नु पर्ने अवस्थामा समितिको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१३. **स्टल बुकिङ्गमा स्थानीय आरक्षण व्यवस्थापन:**

माछापुच्छ्रे गाउँपालिका, कास्की

१) मेला महोत्सवमा राखिने स्टलमा स्थानीयतालाई प्राथमिकता दिन निम्नानुसारको कोटा बमोजिम गर्नुपर्ने छः

क. सूचना एवं सन्देशमूलक प्रर्दशनीका लागि न्यूनतम् ५ प्रतिशत

ख. मादी गाउँपालिका भित्रका व्यवसायीहरूका लागि स्टलमा न्यूनतम् २० प्रतिशत

ग. नयाँ प्रविधि प्रर्दशन एवं विक्री स्टल न्यूनत्म १५ प्रतिशत

घ. वाँकी अन्य व्यवसायीका लागि खुल्ला स्टल

२) स्टलहरू मध्ये दफा १३ १ (क) उल्लेखित स्टलमा न्यूनतम ४० प्रतिशत, १ (ख) मा उल्लेखित स्टलका लागि २५ प्रतिशत र १ (ग) मा उल्लेखित स्टलका लागि न्यूनतम १० प्रतिशत तोकिएको भाडामा छुट दिने गरी बुकिङ्ग गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३) दफा १३ उपदफा १ बमोजिम वितरण गरिएका कोटा बमोजिम स्टल वितरणका लागि कम्तीमा १ हप्ताको स्टल बुकिङ्ः खुल्ला गरे पश्चात वाँकी रहेका स्टलमा जुनसुकै व्यवसायीहरू आई व्यवसाय गर्न पाउने गरी मूल आयोजकले सूचना आव्हान गर्नुपर्नेछ ।

४) स्टलको भाडा समितिले तोकेबमोजिम हुने छ ।

**१४. प्राथमिक उपचारको व्यवस्थाः** मेला महोत्सव स्थल भित्र प्राथमिक उपचारको अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ ।

**१५. जुवा, तास लगायत कानुन बमोजिम निषेधित कार्य गर्न गराउन पाइने छैन।**

**१६. मदिरा तथा धुम्रपान निषेध :** मेला महोत्सव स्थल भित्र मदिरा तथा धुम्रपान सेवन र विक्री वितरण गर्न गराउन पाइने छैन ।

**१७. राष्ट्रियता तथा स्थानीय सामाजिक सांस्कृतिक मर्यादामा आंच आउने क्रियाकलाप गर्न गराउन पाईने छैन।**

**१८. स्थानीयतालाई प्राथमिकता :** मेला महोत्सवमा गरिने हरेक गतिविधिमा स्थानीयतालाई प्राथमिकता दिनु पर्नेछ । कला संस्कृति प्रर्दशन गर्दा स्थानीय कला संस्कृति र कलाकारलाई प्राथमिकता दिनु पर्ने छ ।

१९. मेला महोत्सवलाई व्यापारिक स्थलका रूपमा मात्र नहेरी स्थानीयता प्रर्वद्धन तथा आधुनिक प्रविधि भित्र्याउने थलोका रूपमा अगाडि बढाउन विभिन्न स्थानीय परिवेश सुहाउँदो अन्तरक्रियात्मक कार्यक्रमहरू गर्नुपर्ने छ ।

**२०. आम्दानी खर्च सार्वजनिक गर्नु पर्ने :** मेला महोत्सव सम्पन्न भएको १ महिना भित्र मेला महोत्सवमा भएको आम्दानी खर्चको विवरण सहितको प्रतिवेदन गाउँपालिकामा बुझाउनुका साथै पत्रकार सम्मेलन गरी आम्दानी खर्च सार्वजनिक

समेत गर्नुपर्ने छ ।

२१. मेला महोत्सव अनुगमन तथा मूल्याङ्कन समिति वा तोकिएको कर्मचारीले महोत्सवका हरेक गतिविधिको अनुगमन गर्न सक्नेछ । यसरी अनुगमनका लागि गाउँपालिकावाट खटिएको टोली वा कर्मचारीलाई मेला महोत्सव स्थल भित्रका हरेक गतिविधि अनुगमन गर्न मूल आयोजकले व्यवस्था मिलाउनु पर्नेछ । अनुगमनका क्रममा सम्झौता बमोजिम आयोजकले पालना गर्नु पर्ने काम नगरेको वा कुनै कमी कमजोरी देखिएमा सो को सुधारका लागि अनुगमन टोलीले दिएको सुझाव पालना गर्नुपर्नेछ । पालना नगरेमा तोकिए बमोजिमको दण्ड जरिवाना हुने छ ।

## परिच्छेद ५
## विविध

**२२. मूल आयोजक वन्न सक्ने आवेदकहरू:**

१. देहायका सङ्घ संस्थाले मूल आयोजक वन्न आवेदन दिन सक्नेछन् ।

क) कृषि, पर्यटन र व्यापार मेलाका लागि : विषयगत व्यवसायीहरूको छाता सङ्गठनहरू ।

ख) धार्मिक, सांस्कृतिक महोत्सवका लागि : धार्मिक तथा सामाजिक सङ्घ संस्थाहरू

ग) शैक्षिक, कला, साहित्य तथा सांस्कृतिक, खेलकूद तथा अन्य विषयगत मेला महोत्सवका लागि : विषयगत सङ्घ संस्था तथा उत्पादकहरू ।

२. प्रस्तावक संस्थाहरूको विधानमा सम्वन्धित विषयमा प्रर्वद्धन गर्ने उद्देश्य प्रस्टरूपमा उल्लेख भएको हुनुपर्नेछ ।

३. माथि जे सुकै कुरा उल्लेख भएता पनि भिन्ना भिन्नै विषयगत संस्थाहरूले संयुक्त रूपमा आयोजक बनी आ-आफ्ना उद्देश्य अनुसारका मेला महोत्सव सञ्चालन गर्न पाउनेछन् ।

४. संस्थाको विधानमा मेल नखाने किसिमका मेला महोत्सव सञ्चालन गर्न अनुमति दिइने छैन ।

**२३. आवेदकले देहायका शर्तहरू पूरा गरेको हुनु पर्नेछ।**

क) नियमानुसार संस्था दर्ता र नवीकरण भएको संस्था हुनुपर्ने

ख) नियमित लेखापरीक्षण र कर चुक्ता गर्ने गरेको ।

२४. गाउँपालिकासँग गरिएको शर्त पूरा नगर्नेलाई ५ वर्ष सम्म मेला महोत्सव

सञ्चालन गर्न गाउँपालिकाले रोक लगाउने छ साथै मेला महोत्सवको रकम दुरूपयोग गर्ने उपर गाउँ कार्यपालिकाले तोकेबमोजिमको जरिवाना गर्नेछ ।

**२५. टिकट दर निर्धारण :**

१. मेला महोत्सव स्थलमा प्रवेश गरेवापत प्रवेश शुल्क (टिकट) लिने व्यवस्था भएमा मूल आयोजकले प्रस्तावमा जेष्ठ नागरिक, अपाङ्ग र विद्यार्थीका लागि सहुलियत सहित प्रवेश शुल्क दर प्रस्ताव गर्नेछ आयोजकवाट पेस भएका प्रवेश शुल्कदरलाई मेलामा हुने गतिविधिका आधारमा अनुगमन तथा मूल्याङ्कन समितिले तोकेबमोजिम हुने छ ।

२. मेला महोत्सवमा राखिने विभिन्न मनोरञ्जन तथा खेलकूद कार्यक्रममा लाग्ने प्रवेश शुल्कको अधिकतम् दर निम्नानुसार मनोरञ्जंन समय सीमाका आधारमा हुने छ ।

निम्न :

क) ५ मिनेट भन्दा कम समय मनोरञ्जन हुनेमा अधिकतम रु. २०।- सम्म

ख) १५ मिनेट सम्म मनोरञ्जंन हुनेमा अधिकतम रु. ३०।-

ग) ३० मिनेट सम्म मनोरञ्जंन हुनेमा अधिकतम रु. ५०।-

घ) ३० मिनेट भन्दा बढी समयको मनोरञ्जंन हुनेमा अधिकतम रु. १००।- सम्म

३. प्रवेश शुल्क दर र मनोरञ्जंन स्टल प्रवेश दर मेला महोत्सव अनुगमन तथा मूल्याङ्कन समितिले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ ।

**२६. मेला महोत्सवको अवधि:**

१) धार्मिक र खेलकूद मेला महोत्सव बाहेक अन्य प्रकृतिका व्यवसायिक स्टलहरू राखी गरिने मेला महोत्सवको अनुमति अधिकतम् १० दिन सम्मको हुने छ तर मेलामा दर्शकको चाप तथा आयोजकले मेला अवधि थप गर्नु पर्ने उपयुक्त कारणसहित सुरक्षा निकायको सहमति सहित निवेदन दिएमा व्यवस्थापन समितिले म्याद थपको कारण मनासिव देखेमा तीन दिन सम्म म्याद थपको अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

२) धार्मिक तथा सांस्कृतिक मेला महोत्सवका हकमा विहान ५:०० देखि बेलुका ९:३० बजे सम्म र अन्य व्यवसायिक स्टल तथा मनोरञ्जनात्मक एवं सांगीतिक कार्यक्रम हुने मेलाको हकमा विहान ११:०० वजे देखि वेलुका ९:३० वजे सम्म हिंउदमा र अन्य समयमा वेलुका ७:३० बजेसम्म मेला महोत्सव सञ्चालन गर्न पाइने छ ।



माछी गाउँपालिका, कास्की

३) धार्मिक तथा सांस्कृतिक, खेलकूद र व्यवसायिक स्टल नराखी गरिने मेला महोत्सवको अवधिका हकमा प्रस्तावकले पेस गरेको प्रस्तावका आधारमा सो को औचित्यता हेरी अनुगमन तथा मूल्याङ्कन समितिले तोके बमोजिम हुने छ ।

**२७. दण्ड जरीवाना:** मूल आयोजक समितिले अनुगमन तथा मूल्याङ्कन समितिबाट प्राप्त स्वीकृति बेगर अन्य काम कारवाही गरेमा गाउँपालिकाले देहाय बमोजिम दण्ड जरिवाना गर्नेछ ।

१) कानुन विपरीतका कार्य गरेमा वा गराएमा पहिलो पटक रु. १०,०००।- र पटकै पिच्छे दोब्बर जरिवाना असुल गरिनेछ ।

२) ध्वनि प्रदूषण वा वातावरण प्रदूषण गरेमा रु. ५,०००।- र वातावरण प्रदूषण हटाउन लाग्ने रकम असुल गरिनेछ ।

३) अनुगमन टोलीको सुझाव पालना नगरेमा रु ५,०००। जरिवाना र ३ पटक भन्दा बढी पटक गल्ती दोहोराएमा मेला सञ्चालनमा रोक लगाइनेछ र उक्त संस्थालाई ५ वर्ष सम्म मेला महोत्सव लगाउन प्रतिबन्ध लगाइने छ ।

४) तोकिएको समय सीमा भन्दा बढी अवधि मेला महोत्सव सञ्चालन गरेमा प्रतिदिन रु. २५०००।-(पच्चिस हजार) का दरले जरिवाना लाग्नेछ ।

**२८. प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरू यसै कार्यविधि बमोजिम हुने र यसमा उल्लेख नभएकाको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

**२९. बाधा अडकाउ फुकाउ :** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडचन आएमा गाउँ कार्यपालिका बैठकको निर्णय बमोजिम हुने छ ।

**३०. संशोधन तथा खारेजी :** यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा गाउँ कार्यपालिकालाई पूर्ण अधिकार हुने छ ।

मादी गाउँपालिका, कास्की

## अनुसूची-१

### (नियम ४ (१) सँग सम्बन्धित)

### आवेदक संस्थाले प्रस्तावमा खुलाउनु पर्ने न्यूनतम् विषयहरू

१. आवेदक संस्थाको परिचय : नाम, दर्ता, नवीकरण, उद्देश्य, पछिल्ला ३ वर्षका साधारण सभाको मिति, पूर्व अनुभव, हाल सम्म गरेको उल्लेखनीय काम ।

२. मेला महोत्सवका विषयमा : मेला महोत्सवको नाम, स्थान, समय, अवधि, उद्देश्य, पूरा गर्ने रणनीति, मेला महोत्सवमा गरिने गतिविधिहरूको विवरण ।

३. मेला महोत्सवको आर्थिक पक्ष : मेला महोत्सव सञ्चालन गर्न आवश्यक रकम, उपलब्धताको श्रोत, कार्यक्रम पश्चात् आर्थिक लाभ हुने नहुने, हुने भएमा सो रकम र बचत रकमको उपयोग क्षेत्र , टिकट दर, टिकटमा विशेष छुट नीति

४. मेला महोत्सवको व्यवस्थापन पक्ष

- व्यवसायिक स्टल रहने नरहने, सन्देशमूलक एवं क्षेत्रगत प्रर्वद्धनमूलक स्टल के-के रहने? व्यवसायिक स्टलहरू के कति रहने, स्टल वितरण प्रकृया के कस्तो रहने ।
- दर्शक मैत्री नीति (सरसफाई, शौचालय, खानेपानी, प्राथमिक उपचार, टिकटमा छुट आदि) के-के छन् ।
- स्टलहरू रहने भएमा वितरण नीति ।

५. मेला महोत्सवका आर्कषणका विषयहरू ।

६. मेला महोत्सव सञ्चालन पछि प्राप्त हुने उपलब्धि ।

## अनुसूची-२

### (नियम ४ (२) सँग सम्बन्धित)

### मूल आयोजक छनौटका लागि मूल्याङ्कन आधारहरू

१. संस्थाको प्राथमिकीकरण (दर्ता मितिका आधारमा)

२. संस्थाको वैधानिकता (नियमित नवीकरण, साधारण सभा आदि भएको)

३. मेला महोत्सवले मादी गाउँपालिकाको व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक क्षेत्र आदि प्रर्वद्धनमा हुने योगदान । (मादी गाउँपालिकालाई प्रत्यक्ष फाइदा पुग्नेलाई प्राथमिकता दिइने)

४. मेला महोत्सवका लागि प्रस्तावित दिन (कम अवधिलाई प्राथमिकता दिइने)

५. मेला महोत्सवबाट आय आर्जन हुने भएमा सो को लगानीको क्षेत्र । (सार्वजनिक लाभलाई प्राथमिकता दिइने)

६. हाल सम्म मेला महोत्सव सञ्चालन गर्ने अवसर पाए/नपाएको । (नपाएकालाई पहिलो प्राथमिकता दिइने)

७. विगतमा मेला महोत्सव सञ्चालनवाट संकलित रकमको सदुपयोग अवस्था ।

मादी गाउँपालिका, कास्की

## अनुसूची-३

## (नियम ४ (२) सँग सम्बन्धित) मेला महोत्सव सञ्चालन अनुमतिको ढाँचा

## मादी गाउँ कार्यपालिकाको कार्यालय

## कास्की

विषय : मेला महोत्सव सञ्चालन अनुमति पत्र ।

श्री.........................................
...................................... ।

त्यस संस्थाले यस गाउँपालिका क्षेत्र भित्र ............................. मेला महोत्सव सञ्चालनका लागि यस गाउँपालिकाबाट अनुमति माग गरेको सन्र्दभमा यस गाउँपालिकाको मेला महोत्सव व्यवस्थापन कार्यविधि २०७६ को दफा ४ बमोजिम यस संस्थालाई सोही कार्य विधिको पूर्ण पालना गर्दै निम्नानुसारका शर्तहरू अनिवार्य पालना गर्ने/गराउने गरी निम्नानुसारको मिति, समय र स्थानमा मेला महोत्सव सञ्चालन गर्न मिति २०७....।.....। गते बसेको मेला महोत्सव व्यवस्थापन समितिको बैठकको निर्णयानुसार यो अनुमति पत्र प्रदान गरिएको छ ।

निम्न

मेला महोत्सवको नाम ...............................

मेला सञ्चालन हुने मिति ................ देखि ................. सम्म ।

समय : विहान..... वजे देखि वेलुका ............. वजे सम्म ।

स्थान :.......................................

पालना गर्नुपर्ने शर्तहरू : यसै कार्यविधि अनुसार हुने ।

वोधार्थ

श्री जिल्ला प्रशासन कार्यालय, कास्की

श्री इलाका प्रहरी कार्यालय, कास्की ।

मादी गाउँपालिका, कास्की

## अनुसूची-४
**(नियम ६ सँग सम्बन्धीत)**

मेला महोत्सव भित्र व्यवसाय गर्ने व्यवसायीहरूको पटके व्यवसाय तथा मनोरञ्जन कर (मेला अवधिभर)

क) व्यवसायिक फर्महरूको स्टलमा प्रतिस्टल सम्वन्धित क्षेत्रका लागि तोकिएको व्यवसायको करको दरलाई आधारमानी सो को ५ प्रतिशत

आज्ञाले,
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

माद्री गाउँपालिका, कास्की